# खाद्यान्नबाली प्रवर्धन सम्बन्धी आयोजना तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८०

(मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८०/०५/१८)

**प्रस्तावनाः** गण्डकी प्रदेशमा वैज्ञानिक खेती प्रणाली अबलम्वन गरी खाद्यान्नबालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गर्नको लागि खाद्यान्नबाली प्रवर्धन सम्बन्धी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्षः**

(क) यस मापदण्ड बमोजिम खाद्यान्नबाली प्रवर्धन आयोजना अन्तर्गतका कार्यक्रमहरु र चैतेधान प्रवर्धन कार्यक्रम (स्मार्ट प्रविधियुक्त) सञ्चालन हुनेछ।

(ख) खाद्यान्नबाली प्रवर्धन आयोजना अन्तर्गत धानबाली र/वा मकैबाली र/वा गहुँबाली प्रवर्धन गर्ने गरी देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुनेछन्।

(अ) खाद्यान्नबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम,

(आ) खाद्यान्नबाली सम्बन्धी स्थलगत तालिम,

(इ) खाद्यान्नबालीमा आकस्मिक/अभियानमूलक बाली संरक्षण सम्बन्धी कार्यक्रम,

(ई) खाद्यान्नबालीको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रम।

(ग) कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | न्यूनतम क्षेत्रफल | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| १. | खाद्यान्नबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम | प्रतिबाली तराईमा २०० रोपनी र पहाडमा १०० रोपनी | कम्तीमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्थामार्फत समुदायस्तरमा सञ्चालन हुने |
| २. | खाद्यान्नबाली सम्बन्धी स्थलगत तालिम | - | प्रचलित खर्चको मापदण्ड अनुसार सञ्चालन हुने |
| ३. | खाद्यान्नबालीमा आकस्मिक/अभियानमूलक बाली संरक्षण सम्बन्धी कार्यक्रम | - | खाद्यान्नबालीको मुख्य उत्पादन क्षेत्रलाई प्राथमिकता दिई सम्बन्धित कार्यालयले कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थामार्फत सञ्चालन गर्ने |
| ४. | खाद्यान्नबालीको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रम | - | कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सञ्चालन हुने |

| | | | |
|---|---|---|---|
| ५. | चैतेधान प्रवर्धन कार्यक्रम (स्मार्ट प्रविधियुक्त) | तराईमा १०० रोपनी र पहाडमा ५० रोपनी | कम्तीमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्थामार्फत समुदायस्तरमा सञ्चालन हुने |

(घ) खाद्यान्नबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रमबाट एक बाली खेती गर्ने वा बाली सघनता वृद्धिका लागि एकै क्लष्टरमा वर्षमा दुई वा तीन बाली खेती गर्न इच्छुक कृषक समूह/सहकारी संस्थालाई एकै पटक सम्झौता गरी देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

| क्र.सं. | क्रियाकलाप नाम | सञ्चालन प्रक्रिया |
|---|---|---|
| १. | बीउ विजन, यन्त्र उपकरण तथा मेसिनरी औजार सहयोग | कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक सिफारिस बमोजिम व्यवस्थापन गर्नुपर्नेछ। |
| २. | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | सिँचाइ व्यवस्थापन हुने गरी सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, बोरिङ, लिफ्टिङ, पाइप आदिको व्यवस्थापन गर्न सकिनेछ। |
| ३. | प्रशोधन तथा बजार प्रवर्धन सहयोग | खाद्यान्नबालीको प्रशोधन, ब्राण्डिङ, लेबलिङ, प्याकेजिङ गरी बजारीकरण गर्न सहयोग गर्न सकिनेछ। |

(ङ) खाद्यान्नबाली सम्बन्धी स्थलगत तालिम (वस्तुगत सेवा टेवा सहित) र खाद्यान्नबालीमा आकस्मिक/अभियानमूलक बाली संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा खाद्यान्नबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन हुने स्थानलाई प्राथमिकता दिई खाद्यान्नबालीको अन्य उत्पादन क्षेत्रमा समेत सञ्चालन गर्न सकिनेछ।

(च) खाद्यान्नबालीमा आकस्मिक/अभियानमूलक बाली संरक्षण कार्यक्रम सञ्चालन गर्दा कार्यलयले प्राविधिक परिचालन गरी समस्या पहिचान गर्ने, रोगकिराको प्रक्षेपण गर्ने तथा व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्री (औजार उपकरण, विषादी लगायत) उपलब्ध गराउन सक्नेछ।

(छ) खाद्यान्नबालीको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रमबाट भण्डार गृह निर्माण तथा सामग्री खरिद, बिक्री स्थल निर्माण, प्रशोधन गृह निर्माण तथा मेसिनरी औजार खरिद, ब्राण्डिङ, प्याकेजिङ, लेबलिङ तथा बजार प्रवर्धन लगायतका कार्यहरु सञ्चालन गर्न सकिनेछ।

(ज) चैतेधान प्रवर्धन कार्यक्रम सञ्चालन गर्दा नवीनतम स्मार्ट प्रविधिको अबलम्बन भई बाली सघनता वृद्धि हुने तथा उत्पादन प्रवर्धन हुने गरी देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

| क्र.सं. | क्रियाकलाप नाम | सञ्चालन प्रक्रिया |
|---|---|---|
| १. | बीउ विजन सहयोग | कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक सिफारिस बमोजिम व्यवस्थापन गर्नुपर्नेछ। बीउको रुपमा सम्भव भएसम्म मसिनो चामल हुने र छोटो अवधिमा पाक्ने खालका |

| | | |
|---|---|---|
| | | चैते-५, हर्दिनाथ हाईब्रिड-१ लगायतका जात छनोट गर्ने तथा सम्भव भएसम्म वर्षायाम अगावै बाली सुरक्षित रुपमा भित्र्याउने गरी आवश्यक प्रविधि प्रयोग गरी छिटो ब्याड राख्ने, छिटो रोप्ने गरी प्रविधि प्रयोग तथा प्रसार गर्नुपर्नेछ। |
| २. | ड्रायर मेसिन लगायत यन्त्र उपकरण तथा मेसिनरी औजार सहयोग | कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक सिफारिस बमोजिम व्यवस्थापन गर्नुपर्नेछ। |
| ३. | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | सिँचाइ व्यवस्थापन हुने गरी सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, बोरिङ, लिफ्टिङ, पाइप आदिको व्यवस्थापन गर्न सकिनेछ। |
| ४. | सुकाउने थलो/सेड निर्माण | चैते धान सुकाउनको लागि उपयुक्त थलो/सेड निर्माण गर्न सकिनेछ। |
| ५. | प्रशोधन तथा बजार प्रवर्धन सहयोग | चैतेधानको प्रशोधन, ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ गरी बजारीकरण गर्न सहयोग गर्न सकिनेछ। |
| ६. | उत्पादनमा आधारित प्रोत्साहन सहयोग | बाली कटानी गरी उत्पादन अनुमान गर्ने र अनुमानित कुल उत्पादनलाई दृष्टिगत गरी भण्डारण/प्रशोधनयोग्य चैते धानको खुद तौल यकिन गरेर खुद तौलको आधारमा मात्र कृषक समूह वा सहकारी संस्थामार्फत उत्पादनमा आधारित प्रोत्साहन सहयोग उपलब्ध गराउन सकिनेछ। |
| ७. | कृषक क्षमता अभिवृद्धि तालिम | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले कार्यक्रम सञ्चालन हुने समुदायमा प्रचलित खर्चको मापदण्ड बमोजिम स्थलगत कृषक क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नुपर्नेछ। |
| ८. | आकस्मिक/अभियानमूलक बाली संरक्षण कार्यक्रम | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्राविधिक परिचालन गरी समस्या पहिचान गर्ने तथा रोगकिराको प्रक्षेपण गर्ने र सोको उपयुक्त व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्री (औजार उपकरण, विषादी लगायत) उपलब्ध गराउन सक्नेछ। |

**२. आर्थिक पक्षः**

(क) स्वीकृत लक्ष्य तथा बजेटको परिधिभित्र रही देहायका कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

| क्र.सं. | कार्यक्रम/क्रियाकलापको नाम | अधिकतम अनुदान प्रतिशत |
|---|---|---|
| **१.** | **खाद्यान्नबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम** | |
| १.१ | बीउ विजन, यन्त्र उपकरण तथा मेसिनरी औजार सहयोग | कुल लागतको बढीमा पचहत्तर प्रतिशत |

| | | |
|---|---|---|
| १.२ | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | कुल लागतको बढीमा पचासी प्रतिशत |
| १.३ | प्रशोधन तथा बजार प्रवर्धन सहयोग | कुल लागतको बढीमा पचासी प्रतिशत |
| २. | खाद्यान्नबाली सम्बन्धी स्थलगत तालिम | प्रचलित खर्चको मापदण्ड अनुसार सञ्चालन हुने |
| ३. | खाद्यान्नबालीमा अभियानमूलक बाली संरक्षण सम्बन्धी कार्यक्रम | कार्यालयले आवश्यकता पहिचान गरी रोगकिरा व्यवस्थापन सामग्री निःशुल्क उपलब्ध गराउन सक्ने |
| ४. | खाद्यान्नबालीको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचास प्रतिशत |
| **५.** | **चैतेधान प्रवर्धन कार्यक्रम (स्मार्ट प्रविधियुक्त)** | |
| ५.१ | बीउ विजन सहयोग | कुल लागतको बढीमा पचहत्तर प्रतिशत |
| ५.२ | ड्रायर मेसिन लगायत यन्त्र उपकरण तथा मेसिनरी औजार सहयोग | कुल लागतको बढीमा पचासी प्रतिशत |
| ५.३ | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, सुकाउने थलो/सेड निर्माण, प्रशोधन तथा बजार प्रवर्धन सहयोग | कुल लागतको बढीमा पचासी प्रतिशत |
| ५.४ | उत्पादनमा आधारित प्रोत्साहन सहयोग | उत्पादनको सुरु बिक्री मूल्य (जिल्लास्तरको) को अधिकतम ५ प्रतिशतमा नबढ्ने गरी भण्डारण/प्रशोधनयोग्य चैते धानको खुद तौलको आधारमा प्रति किलोग्राम अधिकतम रु. २/- (दुई रुपैयाँ) |
| ५.५ | कृषक क्षमता अभिवृद्धि तालिम | प्रचलित खर्चको मापदण्ड बमोजिम कार्यालयले सञ्चालन गर्ने |
| ५.६ | आकस्मिक/अभियानमूलक बाली संरक्षण कार्यक्रम | कार्यालयले आवश्यकता पहिचान गरी सञ्चालन गर्ने र आवश्यक सामाग्री निःशुल्क उपलब्ध गराउन सक्ने |

**३. प्रस्ताव मूल्याङ्कनका आधारः**

**(क) खाद्यान्नबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम र चैतेधान प्रवर्धन कार्यक्रमको लागि मूल्याङ्कनको आधारः**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १. | **खेती गर्ने क्षेत्रफल** (खाद्यान्नबाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रमको हकमा वर्षमा एक भन्दा बढी बाली खेती गर्ने भएमा सोही अनुपातमा सघनता हेरी क्षेत्रफल गणना गर्ने) | ६० |
| क) | बुँदा १ (ग) बमोजिमको न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | ३० |

| | | |
|---|---|---|
| ख) | (क) बमोजिमको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा ३० अंक प्रदान गरी प्रति १० प्रतिशत थप क्षेत्रफलका लागि १ अंकका दरले थप गरी अधिकतम ६० अंकसम्म प्रदान गर्ने | ६० |
| **२.** | **बाली उत्पादन हुने जग्गाको अवस्थिति** | **२०** |
| क) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | २० |
| ख) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | १० |
| | नोटः क्र.सं. २ को प्रयोजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी १०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| ३. | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (उत्पादन योजना, बाली संरक्षण योजना, बजारीकरण, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १० देखि २० अंक प्रदान गर्ने) | २० |
| | **जम्मा** | १०० |

**(ख) खाद्यान्नबालीको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रमको लागि मूल्याङ्कनको आधारः**

| **क्र.सं.** | **मूल्याङ्कनका आधार** | **अङ्क भार** |
|---|---|---|
| **१.** | **प्रशोधनको लागि कच्चा पदार्थको उपलब्धता** | **३०** |
| क) | आफैले उत्पादन गर्ने | ३० |
| ख) | सम्बन्धित स्थानीय तहमा उत्पादन हुने | २५ |
| ग) | अन्य क्षेत्रबाट आयात गर्नुपर्ने | २० |
| **२.** | **प्रत्यक्ष रोजगारी सिर्जना** | **२०** |
| क) | ३ जना वा सो भन्दा कम | १० |
| ख) | ३ जना भन्दा बढी रोजगारी सिर्जना हुने भएमा १० अंक प्रदान गरी थप एक जनाको रोजगारी सिर्जना बापत १ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने | २० |
| **३.** | **उत्पादित वस्तुको बजार** | **१०** |
| क) | बजारको सुनिश्चितता भएको र यस अघि नै बजारीकरण गर्ने गरेको | १० |
| ख) | बजार खोज्नुपर्ने | ५ |
| **४.** | **उद्यमको स्थिती** | **१०** |
| क) | नयाँ स्थापना | १० |
| ख) | पुरानो उद्यमको क्षमता विस्तार | ७ |
| **५.** | **उद्यमको स्वामित्व** | **१०** |
| क) | कृषक समूह वा सहकारी संस्था | १० |
| ख) | कृषक, निजी फर्म वा कम्पनी | ७ |
| **६.** | **अनुदानको अवस्था** | **१०** |

| | | |
|---|---|---|
| क) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तारका लागि प्रस्ताव पेश गरेको । | ७ |
| **७.** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **१००** |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि,

(ग) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम ५ वर्षको करार सम्झौताको प्रतिलिपि।

**५. खारेजी र बचाउः** "मकै, भट्टमास र चैते धान खेती विस्तार प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०७७" खारेज गरिएको छ। उक्त मापदण्ड बमोजिम भए गरेका कार्यहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ।

**६. प्रस्तावको ढाँचा**

(कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्रस्तावको ढाँचामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।)

(क) आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदकको नाम | ठेगाना |
| कार्यक्रम सञ्चालन गर्ने स्थानको ठेगाना | प्रोपाईटर/ अध्यक्षको नाम<br>सम्पर्क नं |
| सम्पर्क व्यक्ति<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्या |

**ख) सम्बन्धित खेती /व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने आवेदकको नाम | हाल उत्पादन भईरहेको क्षेत्रफल (हेक्टर/रोपनी) | हालको उत्पादन (मे.टन) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल | थप हुने उत्पादन (मे.टन) | प्रशोधित उपजको अनुमानित उत्पादन |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | (हेक्टर/रोपनी) | | परिमाण |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(ग) कुल अनुमानित उत्पादन

(घ) कुल रोजगारी सिर्जना

(ङ) सञ्चालन हुने क्रियाकलाप

| क.सं. | क्रियाकलाप | एकाई | परिमाण | दर रु. | जम्मा लागत रु. | कार्यालयको अनुदान रु. | प्रस्तावकको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १. | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २. | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(च) बजार व्यवस्था (बजार व्यवस्थापनको उपाय)

(छ) माग गरेको जम्मा अनुदान रकम रु.

(ज) अन्य व्यवसायिक योजना

- नवीनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नवीन सोच/ प्रविधि भए उल्लेख गर्नुहोस )

- अन्य केही विषय भए उल्लेख गर्नेः